नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

कन्चनपुर जिल्लामा वालिका निर्मला पन्तको मृत्युको छानविनको विषयलाई लिएर विगत केहि दिन देखि भईरहेको विरोध प्रदर्शनका घटनाहरु र नागरिक तहबाट भएको माग सम्बोधन गर्ने विषयलाई गम्भीरतापूर्वक लिई गृह मन्त्रालयको मिति २०७५/०५/०७ गतेको निर्णयानुसार उच्चस्तरीय छानविन समितिको गठन भएको विदितै छ । समितिले छानविन कार्य समेत प्रारम्भ गरिसकेको अवस्थामा आज मिति २०७५/०५/०८ गते पुनः सरकारी सम्पत्ति तथा धनजनको क्षति पुग्ने गतिविधि हुन थालेपछि स्थितिलाई सामान्यीकरण गर्न स्थानीय प्रशासनले बारम्बार अधिकतम प्रयास गर्दा गर्दै पनि सरकारी सम्पतिमाथि लक्षित भई क्षति पुग्ने अवस्था सिर्जना भएकोले सो स्थितिलाई नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्दा हुन गएको दुःखद् घटना प्रति गहिरो दुःख व्यक्त गर्दै सम्पूर्ण घटनाको निष्पक्ष छानविन गरिने व्यहोरा अनुरोध छ ।

अनुसन्धान कार्यमा संलग्न व्यक्ति तथा राष्ट्रसेवकहरुबाट यस अवधिमा सम्पादित पदीय कर्तव्य र जिम्मेवारीको नेपाल सरकारले निरन्तर अनुगमन गरिरहेको हुँदा कमी कमजोरी गरेको भए आवश्यक छानविन गरी दोषी पाईएमा कारवाही गरिने सम्वद्ध सबैलाई जानकारीका लागि अनुरोध छ ।

घटनाको विस्तृत र निष्पक्ष छानविन गरी दोषी उपर कारवाही गर्ने विषयमा कुनै आशंका नराख्न तथा विषम परिस्थितिमा संयमित भई समस्याको समाधान गर्न सहयोग पु-याउन सबैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७५/०५/०८

रामकृष्ण सुवेदी
प्रवक्ता एवं सहसचिव